# विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८ संख्या १ मिति २०८२ साल वैशाख १५ गते

## भाग १

## विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान र प्रचलित कानून बमोजिम विराटनगर महानगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

# संवत २०८२ सालको ऐन नं १

## एकल महिलाको व्यवस्थापन तथा सशक्तिकरण सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन

एकल महिलालाई शिक्षा र सीपमूलक तालिम प्रदान गर्न, स्वरोजगार कार्यक्रम सञ्चालन गर्न, औषधि उपचार गर्न, उद्धार गर्न, राहत दिन तथा पुनर्स्थापना गर्न, कानूनी सहायता प्रदान गर्न, एकल महिलाको व्यवस्थापन तथा सशक्तिकरण गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी विराटनगर महानगरपालिकाको नगर सभाले यो ऐन बनाएकोछ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यस ऐनको नाम “एकल महिला सुरक्षा कोष (सञ्चालन) ऐन, २०८१” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(ख) "एकल महिला" भन्नाले देहायका महिला सम्झनु पर्दछ :-

१. सम्बन्ध विच्छेद गरेकी महिला,

२. विधुवा,

३. पैतीँस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला,

४. पाँच वर्ष भन्दा बढी समयदेखि पति हराई वा बेपत्ता भएकी महिला,

५. अंशवण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिला ।

(ग) "कोष" भन्नाले नियम ३ बमोजिमको एकल महिला सुरक्षा कोष सम्झनु पर्दछ ।

(घ) "महानगरपालिका" भन्नाले विराटनगर महानगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख" भन्नाले विराटनगर महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "उपप्रमुख" भन्नाले विराटनगर महानगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विराटनगर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र सदस्य-सचिवलाई समेतलाई जनाउँछ ।

(झ) "सदस्य-सचिव" भन्नाले समितिको सदस्य-सचिव सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले नियम ६ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

## परिच्छेद २

## कोषको स्थापना र उपयोग

३. <u>कोषको स्थापना</u> :(१) आर्थिक दृष्टीले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित र संरक्षण गर्ने काम समेतको लागि एकल महिला सुरक्षा कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

४. <u>विवरण पेश गर्नु पर्ने</u> : सम्बन्धित स्थानीय तहले दफा ३ बमोजिम स्थापना भएको कोषको खर्च विवरण तयार गरी वार्षिक रुपमा नगर सभामा पेश गर्नु पर्नेछ ।

५. <u>कोषको उपयोग</u>ः कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ :-

(क) आर्थिक दृष्टिले विपन्न रहेका एकल महिलालाई शिक्षा र सीपमूलक तालीम प्रदान गर्न,

(ख) आर्थिक दृष्टिले विपन्न रहेका एकल महिलाका लागि स्वरोजगार कार्यक्रम सञ्चालन गर्न,

(ग) आर्थिक दृष्टिले विपन्न रहेका एकल महिलालाई औषधि उपचार गर्न,

(घ) आर्थिक दृष्टिले विपन्न रहेका एकल महिलालाई उद्धार गर्न, राहत दिन तथा पुनर्स्थापना गर्न,

(ङ) आर्थिक दृष्टिले विपन्न रहेका एकल महिलालाई कानूनी सहायता प्रदान गर्न,

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(च) एकल महिला सम्मिलित सामुदायिक वा सहकारी संस्थाको कार्यमा सहयोग गर्न,

(छ) आर्थिक दृष्टिले विपन्न रहेका एकल महिलाको सामाजिक मर्यादा अभिवृद्धिको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्न,

(झ) एकल महिलाको हक, हित संरक्षण र संवर्धनको लागि समितिले तोके बमोजिमको अन्य काम गर्न वा गराउन ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः** कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

## परिच्छेद ३

## सञ्चालक समितिको गठन र काम, कर्तव्य र अधिकार

७. **समितिको गठन**ः(१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) उपप्रमुख - संयोजक



विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) कानून, न्याय शाखा प्रमुख - सदस्य

(घ) एकल महिलाको क्षेत्रमा कार्यरत गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाहरुमध्ये समितिले तोकेको संस्थाबाट प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना महिला - सदस्य

(ङ) महिला बालबालिका शाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा (२) वमोजिमको समितिको वैठकमा आवश्यकतानुसार आमन्त्रित सदस्यलाई बोलाउन सकिनेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पद अनुरुप काम नगरेमा महानगरपालिकाले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(५) उपदफा (४) बमोजिम सदस्यबाट हटाउनु अघि महानगरपालिकाले निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

८. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कोषको रकम उपयोग गर्ने सम्बन्धमा वार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने, गराउने,

(ग) एकल महिलालाई कोषको रकम उपलब्ध गराउने सम्बन्धमा आवश्यक मापदण्ड बनाई लागु गर्न सक्ने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए, नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) एकल महिलाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(च) एकल महिला सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

९. <u>समितिको बैठक र निर्णय</u> :(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

तर, अध्यक्षको अनुपस्थितिमा सदस्यहरुसँग परामर्श गरी सदस्य-सचिवले समितिको बैठक बोलाउन सक्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकतानुसार कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४

## विविध

१०. **कोषको प्रशासनिक खर्च**: समितिको प्रशासनिक खर्च महानगरपालिकाको विनियोजित बजेटबाट व्यहोरिनेछ ।

११. **खाताको सञ्चालन** : (१) कोषको रकम समितिले कुनै बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन सदस्य-सचिव र नगरपालिकाको आर्थिक प्रशासन शाखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१२. **कोषको लेखा र लेखा परीक्षण** : (१) कोषको आय व्ययको लेखा महानगरपालिकाले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१३. **रकम फ्रिज नहुने**: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

१४. **प्रतिवेदन पेश गर्ने:** (१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त समितिले वर्ष भरिमा सञ्चालन गरेको कार्यक्रम, विभिन्न स्रोतबाट प्राप्त रकम, एकल महिलाको लागि कार्यक्रम सञ्चालन गर्दा हुन गएको खर्च, गत आर्थिक वर्षमा खर्च नभई बाँकी रहेको रकम, कार्यक्रमबाट भएको उपलब्धि तथा भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरु समावेश गरी पेश गर्नु पर्नेछ ।

१५. **बैठक भत्ता**ःसमितिका सदस्यले समितिको बैठकमा भाग लिए बापत नियम बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन् ।

१६. **कोषको सचिवालय**ः कोषको सचिवालय महिला तथा बालबालिका शाखामा रहनेछ ।

१७. **अभिलेख राख्ने**ः समितिले आफूले गरेको काम कारबाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

१८. **निर्देशन दिन सक्ने:** (१) नगर प्रमुखले समितिको काम कार्वाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरप्रमुखले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

बिराटनगर महानगरपालिका स्थानीय राजपत्र

१९. <u>अधिकार प्रत्यायोजन</u>ः समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त भएका अधिकारहरुमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. <u>कोष खारेज हुन सक्नेः</u> (१) कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा यो कोष खारेज नगर कार्यपालिकाले गर्न सक्नेछ ।

२१. <u>नियम तथा कार्यविधि बनाउन सकिनेः</u> यस ऐनको उद्देश्य कार्यान्वयन गर्न महानगरपालिकाकाले आवश्यकता अनुरुप नियम तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

२२. <u>ऐनको व्याख्या</u>ः- यस ऐनको अन्तिम व्याख्या गर्ने अधिकार नगर सभामा निहित रहनेछ ।

२३. <u>संशोधन, बचाउ र खारेजीः</u> यो ऐन संसोधन वा खारेज गर्न आवश्यक देखेमा नगर सभाले संसोधन वा खारेज गर्न सक्नेछ । यो ऐनमा लेखिएका कुराहरु संघीय कानून, प्रदेश कानूनसँग बाँझिएमा बाँझिएको हद सम्म अमान्य हुनेछ ।

**आज्ञाले,**
**राम प्रसाद ढुङ्गेल**
**प्रमुख प्रशासकीय अधिकृत**
**विराटनगर महानगरपालिका ।**

विराटनगर महानगरपालिका स्थानीय राजपत्र